नेपाली राजदूतावास
पेरिस, फ्रान्स

मिति: २०७८ फागुन १२

## नेपाल आगमन र नेपालबाट प्रस्थान सम्बन्धी सूचना !

हालैका दिनहरूमा नेपालमा कोभिड-१९ को संक्रमण क्रमश: कम हुँदै गएको पक्षलाई हृदयंगम गरी नेपाल सरकारले यस अघि जारी गरेको नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापन सम्बन्धी आदेशहरूको सट्टा तुरून्तै लागू हुने गरी निम्नानुसारको नयाँ व्यवस्था गरेको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि सूचना गरिएको छः

**नेपाल आउने यात्रुहरूको लागि सूचनाः**

हवाई मार्ग वा स्थल मार्ग भई विदेशबाट नेपाल प्रवेश गर्ने यात्रीले कोभिड-१९ विरूद्धको पूर्ण मात्रा खोप लगाएको प्रमाणपत्र पेश गर्नुपर्नेछ । त्यस्तो प्रमाणपत्र पेश गर्न नसक्ने यात्रुले यात्रा शुरू गर्नु ७२ घण्टा अघिको कोभिड-१९ परीक्षण **(RT-PCR, True NAAT, Gene Xpert)** को नेगेटिभ रिपोर्ट भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको लागि सूचनाः**

नेपालबाट हवाई मार्ग भई अन्य मुलुक जाने यात्रुहरूको लागि गन्तव्य मुलुकको कोभिड-१९ सम्बन्धी स्वास्थ्य प्रोटोकल बारे सम्बन्धित एअरलाइन्सले आफ्ना यात्रुहरूलाई जानकारी गराउनु पर्नेछ । यात्रुहरूले पनि आफू जान लागेको मुलुकमा प्रचलित स्वास्थ्य प्रोटोकल बारेको जानकारी आफूले यात्रा गर्ने वायुसेवाबाट प्राप्त गरी तदनुसारका कागजात साथमा लिइ जानुपर्नेछ ।

**यात्रा व्यवस्थापन सम्बन्धी आदेश र सूचनाहरू खारेजः**

नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापन सम्बन्धी यस अघिका सूचनाहरू खारेज गरिएको छ ।

45 bis, rue des Acacias, 75017 Paris, France. Tel: +33-1-77 16 52 57 Fax: 42 27 08 65
Email: nepalinparis@noos.fr Website: fr.nepalembassy.gov.np